बैठक नं १०

आज मिति २०७७/१०/२६ गते का दिन यस मेल्लेख गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर वोहरा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमका निर्णयहरु पारित गरियो ।

उपस्थिति :

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लोक बहादुर वोहरा | अध्यक्ष | |
| २ | श्री धन बहादुर शाही | उपाध्यक्ष | |
| ३ | श्री तुले धामी | वडा अध्यक्ष (१) | तुले धामी |
| ४ | श्री दान बहादुर बुढा | वडा अध्यक्ष (२) | |
| ५ | श्री केशर बहादुर शाह | वडा अध्यक्ष (३) | |
| ६ | श्री बिर बहादुर साउँद | वडा अध्यक्ष (४) | |
| ७ | श्री रमेश बहादुर खड्का | वडा अध्यक्ष (५ | |
| ८ | श्री नरपति रावल | वडा अध्यक्ष (६) | |
| ९ | श्री नर बहादुर साउँद | वडा अध्यक्ष (७) | |
| १० | श्री खकिन्द्र बहादुर साउँद | वडा अध्यक्ष (८) | |
| ११ | श्री कमलदेवी ताम्राकार | कार्यपालिका सदस्य | |
| १२ | श्री जमुना देवी दमाई | कार्यपालिका सदस्य | जमुना |
| १३ | श्री नरेन्द्र नेपाली | कार्यपालिका सदस्य | |
| १४ | श्री डिला देवी बुढा | कार्यपालिका सदस्य | |
| १५ | श्री कुइचे लुहार | कार्यपालिका सदस्य | कुइचे |
| १६ | श्री हिमसरा खड्का | कार्यपालिका सदस्य | हिमसरा |
| १७ | श्री दिर्घ बहादुर खड्का | सदस्य सचिव | |

## प्रस्तावहरू :

१). औद्योगिक ग्राम स्थापना गर्ने सम्बन्धमा ।
२). १५ शैय्या आधारभूत अस्पताल सम्बन्धमा ।
३). प्रधानमन्त्री रोजगार कार्यक्रममा थप भएको रकम विनियोजन सम्बन्धमा ।
४). योजना संशोधन सम्बन्धमा ।
५). गाउँसभा सम्बन्धमा
६). आन्तरिक राजस्व सम्बन्धमा ।
७). गत वर्ष सम्पन्न भएका तर भुक्तानी दिन बाँकी योजनाहरू सम्बन्धमा ।
८). राहत वितरण सम्बन्धमा ।
९). पूर्वाधार व्यवस्थापन प्रणाली लागू गर्ने सम्बन्धमा ।
१०). वडा नं ४ लाई वडा विभाजन सम्बन्धमा
११). विविध सम्बन्धमा ।

## निर्णयहरू :

### निर्णय नं. १ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस मेल्लेख गाउँपालिका वडा नं. ७ मा अवस्थित गा.पा. को नाममा रहेको कि.नं. ३७, ३८२, ८४, ३५, ३८८, ३८६, ३४, १३८ र २९५ को क्षेत्रफल उपरोक्त ९ वटा कित्ताहरूको जम्मा ६६३० वर्ग मि. तथा ३८८ नं. कित्ता संग जोडिएको नेपाल सरकारको नाममा रहेको ऐलानी कि.नं. ४ समेतमा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

### निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस मे.गा.पा. वडा नं ४ र ५ को सिमानामा पर्ने वडा नं. ४ ~~को नाममा~~ रहेको मेल्लेख गाउँपालिकाको नाममा रहेको जग्गामा १५ शैय्या आधारभूत अस्पताल निर्माण गर्ने ~~निर्णय~~ भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत थप भएको रकम रु. २२,००,०००( अक्षरुपी रु. बाईसलाख रु. विद्युत लाइन विस्तार तथा छ्वारे मा तपसिल बमोजिम विनियोजन

Sangam

गर्ने निर्णय गरियो।

तपसिल :

१). भारते सिंचाई कुलो खानीखेत - वडा नं. ६ - ७ लाख

२). विद्युत विस्तार काटेगाउँ - पानीमुल - सराली वडा नं. ५, कुण्डा - तोलीपाटा वडा नं. ४, छरी वडा कार्यालय - दर्बा वडा नं. ३ - वडा नं. १ लगायत अन्य - १२ लाख

निर्णय नं. ४:

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा रुपान्तर गर्नुपर्ने योजनाहरु गाउँसभामा लैजाने निर्णय पारित गरियो।

निर्णय नं. ५:

प्रस्ताव नं. ~~५~~ माथि छलफल गर्दा यस के. गा. पा. को सातौं गाउँसभा यहि मिति २०७७ माघ ३० गते शुक्रबारको दिन बस्ने निर्णय गरियो।

निर्णय नं. ६:

प्रस्ताव नं. ~~६~~ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा संकलन हुने राजस्व प्रत्येक महिनाको २८ गतेभित्र बुझाई सक्नुपर्ने भएकोमा उक्त समयभित्र राजस्व दाखिला बैंकमा नगरेको खण्डमा सम्बन्धित वडाको चौमासिक चालु खर्च रोक्का गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ७:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गत आ.व. २०७६/७७ मा कार्य सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाहरूको विवरण सहित गाउँसभामा लैजाने निर्णय गरियो।

निर्णय नं. ८:

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाबाट विभिन्न रोगीहरू- लाई मेडिकल रिपोर्ट अनुसार तपसिल बमोजिम जटिल रोग भएका बिरामीहरूलाई निम्नानुसार राहत दिने गरी निर्णय पारित गरियो।

निम्न :

१). क्यान्सर पिडित - रु २०,०००।-

२). मृगौला पिडित - रु. २०,०००।-

३). दिमाग सम्बन्धी जटिल समस्या भएका बिरामी - रु. ५०,०००।-

उपरोक्त राहत रकमको लागि यस के.गा.पा. मा स्थायी बासिन्दा भएको हुनुपर्ने

निर्णय नं. ९:

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मे.गा.पा. स्तरका सबै वडाहरूमा पूर्वाधार व्यवस्थापन प्रणाली र ई-सिफारिस अनिवार्य रूपमा लागू गर्ने निर्णय गरियो। साथै, पूर्वाधार व्यवस्थापन प्रणाली आधारमा मार्फत नै भुक्तानी गर्ने समेत निर्णय गरियो।

निर्णय नं. १०:

प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा नं. ४ कुस्कोटलाई क्षेत्रफल तथा जनसंख्या बढी भई कार्यसंचालनमा समस्या भएकोले वडा विभाजनका लागि गाउँसभामा प्रस्ताव लैजाने निर्णय पारित गरियो।

निर्णय नं. ११:

प्रस्ताव नं. ११ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका प्रस्तावहरूमाथि छलफल गरी निर्णय पारित गरियो।

तपसिल:

क). बेरोजगार व्यक्ति सूचिकृत सम्बन्धमा।

ख). काममा खटाउने सम्बन्धमा।

प्रस्ताव नं. 'क' माथि छलफल गर्दा आ.व. २०७७/७८ मा प्र. रोजगार कार्यक्रमको अनलाइन प्रणाली E-MIS मा ४६४ जना पुरुष र ३६१ जना महिला गरी जम्मा ८३२ जना व्यक्तिहरू सूचिकृत गरिएको निर्णय पारित गरियो।

प्रस्ताव 'ख' माथि छलफल गर्दा मे.गा.पा.मा सूचिकृत जम्मा ८३२ जना मध्ये श्रम, रोजगार तथा सा.सु. मन्त्रालयबाट स्वीकृत भै आएका २३६ जना मध्ये १०० जना विश्व बैंकबाट प्राप्त रकमबाट संचालन हुने आयोजनामा तथा बाँकी १३६ जना प्र.रो. कार्यक्रम अन्तर्गतका आयोजनामा खटाउने निर्णय पारित गरियो।

Sanaam

Scanned with CamScanner